०६३/५/१२

# परिपत्र

श्री शैक्षिक तालिम केन्द्र

.........................

प्रस्तुत सन्दर्भमा यस विकास केन्द्रअन्तर्गत कार्यान्वयन भइरहेका कार्यक्रमहरूलाई प्रभावकारी तुल्याई अपेक्षित नतिजा उत्पादन गर्न गत विगत वर्षदेखि नै विविध प्रयासहरू भइरहेको सन्दर्भ अनुभवसिद्ध छ । तिनै प्रयासहरूको निरन्तरता स्वरूप मिति ०६३ भाद्र ३ गतेदेखि ५ गतेसम्म यस केन्द्रमा वार्षिक कार्यक्रम कार्यान्वय योजना कार्यशाला एवम् विभिन्न समयमा यस केन्द्र तथा दातृराष्ट्रसमेतको संलग्नतामा **Joint Review** कार्यसमेत सम्पन्न भइसकेको व्यहोरा अवगत नै होला । उपरोक्त सन्दर्भमा उठेका कार्यान्वयन पक्षसँग सम्बन्धित समस्या एवम् मुद्दाहरूलाई गम्भिरतापूर्वक समाधान गरी हाल ताहाँबाट सञ्चालन भइरहेका शिक्षक शिक्षा एवम् शिक्षक विकाससम्बन्धी विभिन्न कार्यक्रमहरूबाट थप उच्चतम् एवम ठोस उपलब्धि हासिल गर्न सकियोस् भन्ने अभिप्रायले देहायबमोजिम गर्न गराउन यो निर्देशन दिइएको छ ।

१ **विशेष प्याकेज ( २.५ महिने ) तथा १८० घण्टे तालिम सम्बन्धमा**

उपर्युक्त तालिमका लागि योजना गरिएको सङ्ख्याका अनुपातमा तोकिएका आधारबमोजिमका सहभागीहरूको कमी भएका कारण विगत वर्षहरूमा न्यून प्रगति रहेको तथ्यलाई ध्यानमा राखी चालु आ. व. मा विशेष तालिमका हकमा शैक्षिक तालिम केन्द्र 'क' - सुनसरी, काभ्रे, तनहूँ, रूपन्देही र सुर्खेत मा र १८० घण्टे तालिमका हकमा शैक्षिक तालिम केन्द्र 'क' - धनुषा, वारा, काभ्रे, रूपन्देही र सुर्खेतमा कार्यक्रम व्यवस्था गरिएको छ । अन्य तालिम क्षेत्र (Zone) अन्तर्गत जिल्लाहरूबाट सहभागीहरूको अनुकूल पर्ने गरी सोही तालिम केन्द्रहरूमा सहभागी पठाउने व्यवस्था मिलाउन विशेष पहल गर्ने ।

२ **विषयगत रूपमा तालिम केन्द्रहरूको समूहीकृत गर्ने सम्बन्धमा**

माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) अन्तर्गत विगत तीन वर्षदेखि निम्नमाध्यमिक / माध्यमिक शिक्षक तालिम कार्यक्रम साथै अन्य कार्यक्रमहरू त्यसलगायतका तालिम केन्द्रहरूबाट कार्यान्वयन भइरहेकोमा हालसम्मको कार्यान्वय अनुभव एवम् विभिन्न अध्ययन प्रतिवेदनहरू समेतले साविकको तालिम सञ्चालन ढाँचा प्रभावकारी हुन नसकी गुणस्तर एवम् लागत प्रभावकारिता अपेक्षित रूपमा सुनिश्चित गर्न नसकिएको तथ्य औँल्याएका छन् । यस्तो अवस्थाबाट श्रृजित समस्याको निराकरण गर्न चालु आ. व. देखि सम्बन्धित अगुवा तालिम केन्द्र अर्थात् शैक्षिक तालिम केन्द्र 'क' हरूले अन्तर्गतका तालिम केन्द्रहरूलाई मानव स्रोत, तालिम अप्राप्त शिक्षकको चाप, मौजुदा तालिम सुविधाहरू इत्यादिका आधारमा कम्तिमा दुई विषय र विशेष अवस्थामा कम्तिमा तीन विषयसम्मको विशेषज्ञ तालिम केन्द्र (Specialized Training Centre) का रूपमा पहिचान गर्ने र सोही आधारमा विषयगत Training Centre-based तालिम सञ्चालन गर्ने गराउने व्यवस्था गर्ने । यसका लागि प्रथम चौमासिक अवधिभित्र सम्बन्धित तालिम क्षेत्रअन्तर्गत योजना निर्माण गरी दोस्रो चौमासिकदेखि क्रमश: उपरोक्त अवधारणाअनुसार कार्यक्रम सञ्चालन व्यवस्था मिलाउने ।

३ **TMIS updating सम्बन्धमा**

यस केन्द्रअन्तर्गत विगतदेखि अवलम्बन गरिएको TMIS updating एवम् Zonal Teacher Development Plan निर्माणका प्रयासले माध्यमिकतह समेट्न नसकेको र प्राथमिकतहका हकमा पनि तथ्याङ्कको Accuracy सुनिश्चित गर्न नसकिएको अवस्था छ । यस अवस्थालाई सुधार गरी EMIS सँग समन्वयी र विश्वसनीय TMIS व्यवस्था एवम् योजना निर्माण कार्य यथाशिघ्र सम्पन्न गरी सक्नुपर्ने भएको हुँदा शैक्षिक तालिम केन्द्र 'क' को अगुवाइमा सम्पूर्ण तालिम केन्द्रहरूबाट प्रथम चौमासिकभित्र TMIS updating कार्यक्रम सम्पन्न गराउने र सोका

आधारमा २०६३ मार्गभित्र प्रत्येक तालिम केन्द्र 'क' बाट Zonal Teacher Development Plan तयार गरी यस केन्द्रमा पठाउने व्यवस्था गर्ने गराउने ।

४ **वैकल्पिक तालिम संस्था (APs) व्यवस्थापन सम्बन्धमा**

प्राथमिक शिक्षक तालिम कार्यक्रम कार्यान्वयन कार्य Massive Scale मा सम्पन्न गर्न विगत चारवर्षदेखि Extensive Training Network स्थापना गरी वैकल्पिक तालिम संस्थाहरूबाट समेत तालिम सञ्चालन गराउने व्यवस्था गरिएकोमा हाल कतिपय ठाउँहरूमा प्रवल आवश्यकता नहुँदा पनि र तोकिएको मापदण्ड अनुरूप प्राविधिक /भौतिक क्षमता मौजुद नभएका संस्थाहरूलाई पनि AP को रूपमा उपयोग गरिएको भन्ने तथ्य विभिन्न अध्ययन र निरीक्षण अनुगमनको प्रतिवेदनबाट प्राप्त भएको अवस्था छ । यस सम्बन्धमा अव उप्रान्त लक्षित प्रशिक्षार्थी सङ्ख्याको चापलाई हेरी भरसक २९ ओटा सरकारी तालिम केन्द्र रहेका जिल्लामा वा त्यसको खास Catchment Area भित्र अन्य संस्थालाई AP नबनाउने, निजी प्राथमिक शिक्षक तालिम केन्द्रहरूलाई AP नबनाउने एवम् हाल मौजुद त्यस्ता AP लाई क्रमश: कार्यक्रम नदिने व्यवस्था मिलाउने ।

५ **AP Support सम्बन्धमा**

बुँदा नं. ४ अन्तर्गत कार्यवाहीबाट Rationalized सङ्ख्यामा कायम भएका APs लाई विगतको जस्तै Training Facility Support कार्यक्रमलाई निरन्तरता दिई तिनको भौतिक एवम् प्राविधिक क्षमता विकास प्रक्रियाबाट तालिम सञ्चालन कार्यमा प्रभावकारिता अभिवृद्धि गर्ने योजना रहेको छ । यसका लागि प्रत्येक तालिम केन्द्र 'क' बाट ताहाँअन्तर्गत सञ्चालित APs मा विद्यमान Further Facility Support Requirement स्थलगत रूपमा अध्ययन गरी २०६३ मङ्सिर महिनाभित्र यस केन्द्रमा आइपुग्ने गरी पठाइदिने व्यवस्था गर्ने गराउने ।

६ **विद्यालय प्र. अ. हरूका लागि १ महिने विद्यालय व्यवस्थापन तालिममा महिला सहभागिता सम्बन्धमा**

त्यस केन्द्रबाट विगतदेखि कार्यान्वयनमा रहेको उपरोक्त तालिम कार्यक्रममा महिला प्र. अ. को सहभागिता दर न्यून रहेको तथ्याङ्क प्रकाशमा आएको र यसबाट महिला सशक्तिकरण प्रक्रियामा संकुचन आएको अनुभवलाई ध्यानमा राखी अब उप्रान्त सञ्चालन हुने त्यस्ता तालिम कार्यक्रममा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने तथा प्रा. वि. का हकमा सम्भावित महिला प्र. अ. समेतलाई सहभागी गराउने गरी विविध प्रयास गर्ने गराउने ।

७ **तालिम उपकरणको उपयोग सम्बन्धमा**

यस विकास केन्द्रबाट विगतमा तालिम केन्द्र 'क' का हकमा प्रत्येकमा Media Lab स्थापना गर्नुका साथै अन्य Office Equipment प्रदान गरिएको र अन्य तालिम केन्द्रका हकमा पनि केही Equipments उपलब्ध गराइएकोमा तालिमको गुणस्तर बढाउने दिशामा हालसम्म तिनको उपयोग उल्लेखनीय मात्रामा नभएको भन्ने तथ्य प्रकाशमा आइसकेको छ । प्रस्तुत अवस्थाको सुधारका लागि मौजुदा उपकरणहरू कार्यालयको यथास्थानमा सुरक्षित रूपमा राख्ने, समयसमयमा मर्मत व्यवस्था मिलाउने र तिनको अधिकतम् उपयोग गरी कार्यालय व्यवस्थापन एवम् तालिम सञ्चालनमा स्पष्ट सुधार एवम् प्रभावकारिता अभिवृद्धि गर्न विशेष योजनासहित कार्य गर्ने गराउने ।

८ **परामर्शदाता सेवाको उपयोग सम्बन्धमा**

शिक्षक शिक्षण आयोजनाअन्तर्गत विगत वर्षदेखि प्रत्येक तालिम केन्द्र 'क' मा एकएकजना तालिम विशेषज्ञ परामर्शदाताका रूपमा कार्यरत रहँदै आएका र दुईजना ICT Consultants समयसमयमा खटाउने व्यवस्था भएकोमा हालसम्मको Assessment अनुसार त्यस्ता परामर्श सेवाको भरपुर उपयोग हुन नसकेको अनुभव रहको छ ।

यस सम्बन्धमा ताहाँ खटिएका विशेषज्ञ परामर्शदाताको TOR अध्ययन गरी चालु कार्यक्रम कार्यान्वयन प्रक्रिया र त्यसको नतिजामा उल्लेखनीय रूपमा गुणस्तर अभिवृद्धि गर्ने एवम् कार्यरत कर्मचारीको Technical Capacity बढाउने उद्देश्यका लागि संयुक्त कार्ययोजना तर्जुमा गरी अधिकतम् समय ती परामर्शदातासँग सहकार्य गर्ने वातावरण मिलाउन थप व्यवस्थित रूपमा कार्य गर्ने गराउने ।

९ **अनुगमन तथा पेसागत सहायता सम्बन्धमा**

विगत चारवर्षदेखि यस केन्द्रअन्तर्गत विशेष अनुगमन संयन्त्र निर्माण गरी ताहाँमार्फत् तालिम केन्द्रहरूको अनुगमन तथा Follow up support प्रदान गर्ने एवम् Sample scale मा विद्यालयतहसम्म पुगी तालिम प्राप्त शिक्षकहरूको शिक्षण कार्य अनुगमन गर्ने व्यवस्था भइरहेकोमा त्यसको लगानीका अनुपातमा प्रतिफल अपेक्षित रूपमा प्राप्त हुन नसकेको तथ्य प्रकाशमा आइरहेको छ । यस्तो अवस्थाको सुधारका लागि यस केन्द्रबाट मौजुदा अनुगमन संयन्त्र एवम् प्रक्रिया लाई Rationalize गर्दै थप चुस्त र लागत प्रभावकारी तुल्याउने अभ्यास भइरहेको छ । तसर्थ, अब उप्रान्त त्यस केन्द्रअन्तर्गत निर्माण गरिएको अनुगमन Roster को पुन:संरचना गरी त्यसमा अधिकतम् मात्रामा सम्बन्धित जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक एवम् स्रोतव्यक्तिहरूलाई समावेश गरी तिनलाई मुलत: प्राविधिक अनुगमनका लागि परिचालन गर्न आवश्यक क्षमता विकाससम्बन्धी कार्य लगायत व्यवस्था गर्ने गराउने ।

१० **Fellowship अन्तर्गत DAG तालिम सञ्चालन सम्बन्धमा**

विगत तीनवर्षदेखि देशभर १२ ओटा तोकिएका जिल्लामा DAG तथा महिला मध्येबाट छनोट गरी तिनलाई पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिमका लागि Fellowship प्रदान गर्ने गरिएकोमा त्यस्तो तालिम सञ्चालन गर्ने निजी तालिम केन्द्रहरूको कमजोरी, मानव एवम् भौतिक स्रोत, सहभागीहरू स्वयम्ले हेलचेक्याई, सम्बन्धित तालिम केन्द्रको अपर्याप्त प्राविधिक सहयोग आदिका कारण तालिममा उत्तीर्ण दर एवम् समग्र तालिमको गुणस्तर कमजोर रहेको तथ्य पत्ता लागेको छ । यस सन्दर्भमा अब उप्रान्त सम्बन्धित तालिम केन्द्र 'क' हरूले त्यस्तो तालिम कार्यक्रमको कम्तिमा महिनामा एकपटक प्राविधिक टीम बाट अनुगमन गराई On-site technical support उपलब्ध गराई तालिम सञ्चालन प्रक्रियाको प्रभावकारिता एवम् तालिम नतिजामा उल्लेख्य सुधार सुनिश्चित गर्ने गरी योजनाबद्ध ढङ्गले कार्यवाही गर्ने गराउने ।

११ **Fellowship अन्तर्गत तालिम प्राप्त DAG /महिला उमेद्वारको रोजगारीका सम्बन्धमा**

यस केन्द्रबाट गत आ. व. मा सम्पन्न Tracer Study अनुसार Fellowship पाई पूर्वसेवाकालीन तालिम पूरा गर्ने त्यस्ता उमेद्वारहरूमध्ये ज्यादै कमले मात्र अस्थायी शिक्षण पेसामा अवसर पाएको तथ्य खुल्न आएको छ । अर्कातिर आयोजनाको मुख्य उद्देश्यअनुसार त्यस्ता उमेद्वारहरूलाई शिक्षण पेसामा आवद्ध गराई सक्नुपर्ने व्यवस्था रहेको छ । तसर्थ, त्यस केन्द्रअन्तर्गतबाट सञ्चालन भएको पूर्वसेवाकालीन शिक्षक तालिममा Fellowship प्राप्त गरी तालिम पूरा गर्ने DAG / महिला उमेद्वारहरूको हालसम्मको जिल्लागत नाम लगायतको विवरण अद्यावधिक गरी यस केन्द्रमा नियमित रूपमा पठाउने व्यवस्था मिलाउने तथा त्यस्ता उमेद्वारलाई शिक्षण पेसामा प्राथमिकताअन्तर्गत नियुक्ति गराउन सम्बन्धित जिल्ला शिक्षा कार्यालयसँग विशेष समन्वय गर्ने गराउने ।

१२ **शैक्षिक तालिम उपकेन्द्र व्यवस्थापन सम्बन्धमा**

विगत केही वर्षदेखि सस्थागत पुन:संरचनाको परिणाम स्वरूप तालिम केन्द्र 'क' अवस्थित जिल्लाहरूमा रहेको साविकको तालिम केन्द्रलाई उपकेन्द्रस्तरको कानुनी एवम् कार्यगत परिभाषा गरिएबाट सोहीबमोजिम साङ्गठनिक व्यवस्थापन चालु रहेको अवस्था छ । जे भए तापनि तालिम कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारीका दृष्टिले त्यस्ता उपकेन्द्रहरूमा पनि अन्य तालिम केन्द्रको हाराहारीमा कार्यबोझ पाइएको तर स्वयम्को संस्थागत क्षमता भने तुलनात्मक रूपमा कम रहेको छ । यस्तो अवस्थालाई सुधार गरी कार्यबोझ र संस्थागत क्षमता बीचको अन्तर पुरण गर्न

सम्बन्धित तालिम केन्द्र ‘क’ ले उपकेन्द्रका सम्पूर्ण कार्यक्रमहरू योजना, कार्यान्वयन एवम् फर्स्यौट गर्न विशेष रूपले पहल गरी साझा जिम्मेवारीको अवधारणा अनुशरण गरी समन्वय, सहयोग र सहकार्यको सुनिश्चिता गर्ने गराउने ।

१३ उल्लिखित १२ बुँदाहरू अन्तर्गत परिपत्र गरिएका कार्यहरूको कार्ययोजना २०६३ आश्विन ७ गते भित्र र कार्यप्रगति प्रत्येक चौमासिक समाप्त भएको ७ दिनभित्र र स्वीकृत वार्षिक कार्यक्रमको मासिक प्रगति प्रत्येक मसान्तको अघिल्लो दिन यस केन्द्रमा आइपुग्ने गरी पठाउने व्यवस्था गर्ने गराउने ।

१४ **अनुगमन प्रतिवेदनको Action Plan सम्बन्धमा**
अनुगमन प्रतिवेदन २०६३ ले औंल्याएका समाधानका उपायहरूमध्ये त्यस केन्द्रसँग सम्बन्धित कार्यहरूको कार्यान्वयनका हकमा १५ दिनभित्र Action Plan तयार गरी यस केन्द्रमा पठाउने व्यवस्था गर्ने गराउने ।

त्यस तालिम केन्द्रसहितको NCED System लाई थप सशक्त पेसागत निकायका रूपमा स्थापित गरी शिक्षा क्षेत्रको क्षमता विकास गर्न प्राविधिक रूपमा सक्षम र योग्य तुल्याउने समग्र परिकल्पना साकार पार्ने दिशामा यहाँको प्रयास निर्देशित हुने नै छ ।